# कम्पनीको वार्षिकोत्सवको अवसरमा प्रबन्ध सञ्चालकज्यूको प्रतिबद्धता ॥

२५ वैशाख, २०८३

कृषि सामग्री कम्पनी लिमिटेड आजदेखि आफ्नो स्थापनाको २३ वर्ष पुरा गरी २४औं वर्ष प्रवेश गरेकोमा हामि गौरबान्वित छौं। यस अवधिमा कम्पनीले रासायनिक मलको क्षेत्रमा राज्यले सुम्पेको जिम्मेवारी सफलतापूर्वक निर्वाह गर्दै कृषि उत्पादन वृद्धिमा महत्वपूर्ण योगदान पुऱ्याउदै आएको छ।

विभिन्न चुनौती र अवसरहरुका बिच कम्पनीले आफ्नो उद्देश्यहरु हासिल गर्न योजनाबद्ध ढंगले सेवा प्रवाह, व्यवसाय विस्तार र जोखिम व्यवस्थापनका क्षेत्रमा निरन्तर काम गरिरहेको छ। उपलब्ध स्रोत, साधन र अवसरलाई अधिकतम् उपयोग गर्दै कम्पनीले आफ्नो कार्य क्षमता र प्रभावकारीता अभिवृद्धि गर्दै आएको छ। साथै बदलिदो समय र व्यवसायिक आवश्यकताका आधारमा संस्थागत संरचना र कार्य प्रणालीमा सुधार र परिमार्जन गर्ने कार्यलाई समेत प्रथामिकतामा राखिएको छ ।

नेपाल सरकारले अंगिकार गरेको प्राथमिकताको विविध क्षेत्रहरुमध्ये कृषि क्षेत्रको आधुनिकिकरण र व्यवसायिकरणमा योगदान पुऱ्याउने उद्देश्यले रासायनिक मलको खरिद, आयात, भण्डारण तथा वितरण कायलाई अझ प्रभावकारी, पारदर्शी र समय मै सम्पन्न गर्ने प्रतिवद्धता व्यक्त गर्दछु। साथै गुणस्तरिय वीउविजन (धान, गहुँ, मकै, तोरी आदी) को उत्पादन तथा वितरण मा सरकारी निकाय, सहकारी संस्था तथा अन्य नियकायहरुसँग सहकार्य गर्दै किसानलाई सहज पहुँच सुनिश्चित गर्न कम्पनी प्रतिवद्द रहेको छ। यसका अतिरिक्त बजारमा बीउ विजनको मुल्यमा स्थिरता एवम् सन्तुलन ल्याउन समेत योगदान पुऱ्याउँदै कृषि क्षेत्रमा आय-आर्जन र रोजगारी बृद्धि गर्न लक्षित वर्गलाई प्रोत्साहित समेत गर्ने गरेको छ। साथै किसान वर्गलाई मलखादको सन्तुलित रुपमा प्रयोग गरी माटोको गुणस्तर कायम गर्न र गुणस्तरिय बीउ प्रयोग गर्न समेत विभिन्न प्रबर्द्धनात्मक कार्यहरु एवम् सन्देशमूलक रेडियो कार्यक्रम समेत सञ्चालन गर्दै आईरहेको छ।

आगामी दिनहरुमा कम्पनीले आधुनिक सूचना प्रविधिको अधिकतम उपयोग गर्दै सबै सेवा प्रवाहलाई अझ छरितो र थप प्रभावकारी बनाउने लक्ष्य राखेको छ। कम्पनीले निर्धारित गरेका वार्षिक लक्ष्य हासिल गर्नुका साथै विगतदेखि सेवाग्राही र सरोकारवाला सबैबाट प्राप्त विश्वासलाई कायम राख्दै कम्पनीको साख अभिवृद्धि गर्न निरन्तर प्रतिबद्ध रहने छौं ।

अन्त्यमा, कम्पनी प्रति विश्वास, सहयोग र सद्भाव व्यक्त गर्नुहुने सम्पूर्ण कृषकवर्ग, शेयरधनी, सरकारी तथा गैर सरकारी निकाय लगायत कम्पनीका सम्पूर्ण कर्मचारी र अन्य सरोकारवाला र शुभेच्छुक महानुभावहरुमा हार्दिक आभार व्यक्त गर्दछु।

(विष्णु प्रसाद पोखरेल)
प्रबन्ध सञ्चालक